२०८२ असार ३ गते तदनुसार June 17, 2025 मंगलबार बैठकमा पेश भएका कार्यसूचीहरु :

१. बेरोजगार व्यक्तिको सूचिकरण सम्बन्धमा ।

२. वडागत बजेट सिलिङ निर्धारण सम्बन्धमा ।

३. जग्गा उपलब्ध गराउने नामावली सिफारिस तथा प्रमाणीकरण सम्वन्धमा ।

४. व्यवसायिक गाई, भैंसी उत्पादन प्रोत्साहन तथा गोठ सुधार कार्यक्रम प्रस्ताव छनौट तथा अनुदान रकम बाँडफाँट सम्बन्धमा ।

बैठकका निर्णयहरु:

निर्णय नं.१: रोजगारीको हक सम्बन्धी ऐन, २०७५ तथा सोको नियमावलीको नियम ७(१) बमोजिम आगामी आर्थिक बर्ष २०८२/८३ का लागि न्यूनतम रोजगारीमा संलग्न हुन स्थायी बसोबास भएका सम्बन्धित वडा कार्यालयमा आवेदन दिएका व्यक्तिहरुमध्ये वडा कार्यालयको सिफारिससहित प्राप्त सकल आवेदन तथा नविकरण सूचिमध्ये बेरोजगार सूचि निर्धारण तथा प्राथमिकीकरण मार्गदरश्न, २०७६ बमोजिम ठहर हुन आवश्यक मापदण्ड पूरा गर्ने ६०१ (छ सय एक) जना व्यक्तिहरुलाई बेरोजगार व्यक्तिको सूचिमा सूचीकृत गर्ने तथा सूचिकृत कुनै व्यक्तिको सम्वन्धमा वेरोजगार ठहर हुन आवश्यक मापदण्ड विपरित पाईएमा सम्बन्धित वडा अध्यक्षसँगको परामर्शमा रोजगार सेवा केन्द्रले रोजगार व्यवस्थापन सूचना प्रणालीवाट निजलाई निष्क्रिय बनाउन सक्ने निर्णय गरियो ।

निर्णय नं.२: आगामी आर्थिक वर्षको लागि संघीय तथा प्रदेश सरकारवाट प्राप्त वित्तीय हस्तान्तरण तथा राजश्व बाँडफाँट र आन्तरिक स्रोतको बजेट अनुसार आगामी आर्थिक वर्षकोको लागि सबै वडाहरुलाई कुल जम्मा २ करोड ९७ लाख बजेट सिलिङ कायम गरी गत आर्थिक वर्षकै सूचकको आधारमा न्यूनतम २५ लाख सबै वडाहरुलाई बराबरी हुने गरी र बाँकी ७२ लाखलाई भौगोलिक क्षेत्रफल, पूर्वाधार विकास, राजस्व संकलन र जनसंख्यालाई सूचक मानी तल उल्लेखित सूत्र अनुसार बजेट सिलिङ निर्धारण गर्ने निर्णय गरियो । त्यस अतिरिक्त प्रत्येक वडालाई कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च वापत रु. १,००,०००/- र आर्थिक सहायता लगायत अन्य आवश्यक बजेट शिर्षकमा रु. ३,००,०००/- विननियोजन हुने व्यवस्था गर्ने निर्णय गरियो ।

| Wards | Population | | | | Area of Ward | | Infra-structure | | Revenue | | Total Weigtage | Total Budget | Ward-Wise Budget | Ward-Wise Budget in Whole - Number | Minimum Ward-wise Budget | Final Ward-wisw Budget |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | M | F | Total | Weightage | Area of Ward | Weightage | Infra-structure | Wightage | Revenew | Weitage | | | | | | |
| 1 | 782 | 858 | 1640 | 14% | 7 | 17% | 7 | 22% | 127768 | 22% | 74% | 7200000 | 850160 | 850000 | 2500000 | 3350000 |
| 2 | 948 | 1086 | 2034 | 17% | 4 | 19% | 6 | 21% | 47431.86 | 8% | 65% | 7200000 | 742348 | 745000 | 2500000 | 3245000 |
| 3 | 1239 | 1410 | 2649 | 22% | 1 | 25% | 2 | 23% | 14640989 | 25% | 95% | 7200000 | 1084983 | 1085000 | 2500000 | 3585000 |
| 4 | 1385 | 1434 | 2819 | 23% | 3 | 21% | 4 | 19% | 97940 | 17% | 80% | 7200000 | 915181 | 915000 | 2500000 | 3415000 |
| 5 | 1469 | 1543 | 3012 | 25% | 5 | 19% | 9 | 18% | 11394724 | 19% | 81% | 7200000 | 930435 | 930000 | 2500000 | 3430000 |
| 6 | 1321 | 1393 | 2714 | 23% | 6 | 19% | 5 | 18% | 47005 | 8% | 68% | 7200000 | 771617 | 770000 | 2500000 | 3270000 |
| 7 | 846 | 844 | 1690 | 14% | 8 | 11% | 3 | 18% | 60725 | 10% | 53% | 7200000 | 609914 | 610000 | 2500000 | 3110000 |
| 8 | 466 | 553 | 1019 | 8% | 9 | 9% | 1 | 25% | 28529.63 | 5% | 47% | 7200000 | 540616 | 540000 | 2500000 | 3040000 |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 9 | 924 | 1096 | 2020 | 17% | 2 | 21% | 9 | 22% | 17000 8 | 6% | 66% | 72000<br>00 | 75484<br>3 | 75500<br>0 | 250000<br>0 | 325500<br>0 |
| Total | 938<br>0 | 1021<br>7 | 1959<br>7 | | | | | | 706757<br>42 | | | | 72000<br>00 | 72000<br>00 | 225000<br>00 | 297000<br>00 |

**निर्णय नं. ३:** गाउँपालिकाभित्रका भूमिहीन, दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासको लगत संकलन सम्वन्धि कार्यविधि, २०८१ को दफा १२(१) बमोजिमको प्रक्रिया पूरा गरी मानेभन्ज्याङ गाउँपालिकास्तरीय सहजीकरण समितिको मिति २०८२/०२/०९ गतेको निर्णय एवम् सिफारिस बमोजिम तपसिलमा उल्लिखित विवरण अनुसारको जग्गा भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासीलाई ऐ. ऐनको दफा १७(३) बमोजिम जग्गा उपलब्ध गराउने गरी प्रमाणीकरण गरी भूमि समस्या समाधान आयोग जिल्ला समिति ओखलढुङ्गा लेखी पठाउने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | नाम, थर | ना.प्र.नं. | वार्ड नं. | कित्ता नं. | निवेदन फारम नं. | अनुमानित क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| १. | रेनुकुमारी गौतम | ५९५६/७३२ | ७ | साविक टोक्सेल गाविस वार्ड नं. १ को कित्ता नं. ३९४ | BS2051326 | 340.00m2 |
| २. | सोमबहादुर दमाई | १३३०४८/३७४ | ७ | | BD2051333 | 340.00m2 |
| ३. | मस्तबहादुर दमाई | १३३०४८/३८५ | ७ | | BD2051328 | 340.00m2 |
| ४. | विनोद अधिकारी | १३१०५५/३५६ | ४ | साविक मोली गाविस वडा नं. ९ को कित्ता नं. २९९ | BS2051221 | 131.16m2 |
| ५. | सुकुनीमाया सार्की | १३-०१-७४/००३४१ | ४ | साविक माधवपुर गाविस वार्ड नं. ८ को कित्ता नं. १८६ | BS2051445 | 340m2 |
| ६. | रासधन राई | ६४९/६६८ | ६ | साविक थाक्ले गाविस वडा नं. ९ को कित्ता नं. ४२७ | BS2051443 | 2034.59m2 |

निर्णय नं.-४: चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम शिर्षक व्यवसायिक गाई, भैसी उत्पादन प्रोत्साहन तथा गोठ सुधार कार्यक्रम कार्यन्वायनको लागि मानेभन्ज्याङ गाउँपालिकाको मिति २०८२/०१/११ मा *व्यवसायिक गाई, भैसी उत्पादन प्रोत्साहन तथा गोठ सुधार कार्यक्रम प्रस्ताव आव्हान सम्वन्धी सार्वजनिक सूचना* प्रकाशन अनुसार पर्न आएका फर्महरुमध्ये तपसिलमा उल्लिखित फर्महरुलाई अनुदान रकम कार्यविधिको परिधिमा रही मानेभन्ज्याङ गाउँपालिका आर्थिक विकास समितिको मिति २०८२/०२/१७ को बैठकको सिफारिस बमोजिम छनौट गर्ने तथा अनुदान रकम बाँडफाँट गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | प्रस्तावित फर्महरु | ठेगाना | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|
| १. | गौतम डेरी फर्म उद्योग | मानेभन्ज्याङ-७ | ५,००,०००/- | |
| २. | श्रेष्ठ कृषि तथा पशुपंक्षी फर्म | मानेभन्ज्याङ-९ | ५,००,०००/- | |
| ३. | मोली कृषि तथा पशुपंक्षी पालन कृषक समूह | मानेभन्ज्याङ-१ | ५,००,००००/- | |

| | | | | |
|---|---|---|---|---|
| ४. | भगवती कृषि तथा पशुपंक्षी फर्म | मानेभन्ज्याङ-८ | १,५०,०००/- | |
| ५. | भगवती कृषि तथा पशुपंक्षी फर्म | मानेभन्ज्याङ-९ | १,५०,०००/- | |

CamScanner